# सरावल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी, ५ नं. प्रदेश

# दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :२०७५।०८।२९

यस कार्यालयबाट चालु आ.ब. ०७५/७६ मा सरावल गाउपालिको निर्णय अनुसार तपशिलका निर्माण गर्ने कार्यका लागि दर्ता तथा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त उत्पादनकर्ता वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. सम्बन्धित कागजातहरु संलग्न भएको सिलबन्दी दरभाउपत्र फारम सरावल गाउ कार्यपालिकाको कार्यालय, सरवाल नवलपरासीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले सिलबन्दी दरभाउपत्रको हकमा १५ औ दिनसम्म कार्यालय समयभित्र सरावल गाउपालिकाको नाममा रहेको संचित मुल कोष खाता नं. ३१००३०४०१८१०३ रा.वा.बैक परासीमा तोकिएको वस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।

२. सिलबन्दी दरभाउपत्र खरीद गर्दा आ.ब. ०७५/७६ सम्म नवीकरण भएको ईजाजत पत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.ब. ०७४/७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३. यसरी खरिद गरिएका सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। म्यादभित्र प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्र सोही दिन दिनको १३:०० बजे तथा दरभाउपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा सरावल गाउ कार्यपालिकाको कार्यालय सरावलमा खोलिने छ । दरभाउपत्र वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. सिलबन्दी दरभाउपत्रदातालाई सिलबन्दी दरभाउपत्र दर (रेट) भर्नु अघि यथार्थ वस्तुस्थिती बुझि दररेट भर्न सुझाव दिइन्छ ।

५. सिलबन्दी दरभाउपत्रको प्रत्येक आइटमको भ्याट बाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. सिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिन हुनेछ ।

७. सिलबन्दी दरभाउपत्रसाथ जमानत वापतको रकम तल उल्लेखित रकम सरावल गाउपालिका, नवलपरासीको रा.बा.बैक, परासी शाखामा रहेको धरौटी खाता ३१००३०३००७१०२ ग३ मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको जमानतपत्र (विडवण्ड) संलग्न हुनुपर्नेछ । नगद रकमलाइ मान्यता दिइनेछैन ।

८. कुनै पनि सिलबन्दी दरभाउपत्रदाताले एउटा शिलबन्दी दरभाउपत्र खरीद र दाखिला गर्न सक्नेछन । यो शर्त संयुक्त उपक्रममा पनि लागू हुनेछ ।

९. सिलबन्दी दरभाउपत्र पेश गर्दा खाम बाहिर सिलबन्दी दरभाउपत्रदाताको नाम, ठेगाना, ठेक्का क्रमसंख्या, कामको विवरण, दस्तखत र छाप स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

१०. सिलबन्दी दरभाउपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

११. रित नपुगी वा म्याद नाघी आएका सिलबन्दी दरभाउपत्र उपर कुनै काबाही हुनेछैन ।

१२. नेपाल सरकारको हितलाई ध्यानमा राखी सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१३. सिलबन्दी दरभाउपत्र स्वीकृत भइसकेपछि कबोल अंकको ५% ले हुने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा ६ महिना म्याद भएको परफरमेन्स वन्ड (Performance Bond) पेश गर्ने ।

१४. उपरोक्त बुदाहरुमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा २०६४ अनुसार हुनेछ ।

१५. सिलबन्दी दरभाउपत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

तपशिल

| क्र.सं. | ठेक्का क्र.सं. | ठेक्काको किसिम | कामको विवरण | लागत अनुमान रु. (भ्याट र कन्टिनजेन्सी बाहेक) | जमानत रकम (रु.) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ६/०७५/७६ | सिलबन्दी दरभाउपत्र | बाटो कालोपत्रे (मनरी) | १७३०३१७।२३ | ५००००।०० | १०००।०० |
| २ | ७/०७५/७६ | सिलवन्दी दरभाउपत्र | बसन्त मा.वि. मा कोठा निर्माण | १५१४९३५।२६ | ४३८००।०० | १०००।०० |
| ३ | ८/०७५/७६ | सिलवन्दी दरभाउपत्र | १ नं. वडा कार्यालयको तलामाथि फिनिसिङ | १२११९०७।३५ | ३५०००।०० | १०००।०० |

प्रमुख प्रशासकीय अधिकृत